नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

२०८३ जेठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मिति:२०८३/०२/१२

सुर्खेत जिल्ला नेपालको कर्णाली प्रदेशमा अवस्थित पहाडी तथा भित्री तराई भू-भागको संयोजन भएको रणनीतिक महत्वको जिल्ला हो। यो जिल्ला चुरे पहाड र महाभारत शृङ्खलाको बीचको भूगोलमा अवस्थित समुन्द्री सतहबाट १९८ मिटर देखि २३६७ मिटरसम्मको उचाईमा फैलिएको छ। भौगोलिक विविधता, जलवायु परिवर्तन, तीव्र शहरीकरण, वन क्षेत्रको विस्तार तथा प्राकृतिक स्रोतमा आधारित जनजीविकाका कारण यो जिल्ला विभिन्न प्राकृतिक तथा मानव सिर्जित विपद्को उच्च जोखिममा रहेको छ। जिल्लामा बाढी, पहिरो, डुवान, वन डढेलो, चटयाङ्ग, हावाहुरी जस्ता प्राकृतिक सिर्जित तथा महामारी, सडक दुर्घटना, आगलागी लगायतका मानव सिर्जित विपद्हरु बारम्बार हुने गरेका छन्। मनसुनी प्रभाव सुरु भएसँगै नदीको किनाराका बस्ती जोखिममा रहने, पहाडी भूगोल भएका गाँउहरु अधिक वर्षामा पहिरोको उच्च जोखिममा रहने, सडक निर्माणमा बढ्दो अव्यवस्थित डोजर प्रयोगले भूबनोटलाई जोखिमयुक्त बनाउदा चालु अवस्थामा रहेका सडकहरु अधिक वर्षामा भत्कने, पहिरो जाने जोखिम रहन्छ। मनसुनजन्य विपद् बाट हुने मानविय तथा भौतिक क्षति न्यूनिकरण गर्दै प्रभावकारी पूर्वतयारी, उद्दार, राहत र पुनः स्थापना कार्यलाई व्यवस्थित बनाउनका लागि यो कार्ययोजना बनाइएको हो।

यस वर्ष जल तथा मौसम विज्ञान विभागले गरेको प्रक्षेपण अनुसार जेठ १८ देखी असोज १४ सम्म चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदर भन्दा कम वर्षा हुने सम्भावना रहेको छ भने अधिकतम तापक्रम र न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी रहने छ। यस वर्ष कर्णाली प्रदेशको दक्षिणी भू-भागमा सरदर भन्दा कम वर्षा हुने सम्भावना ५५% देखी ६५% रहेको छ भने उत्तरी भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५% देखी ४५% रहेको छ।

स्रोतः जल तथा मौसम विज्ञान विभाग

अधिक वर्षा हुँदा सुर्खेत जिल्लाका राकम, पोखरे, मेहेलकुना, दहचौर, लेखफर्सा, रानीघाट, कुइने, जामु लगाएतमा भेरीनदि किनाराका बस्तीहरु बाढीको जोखिममा रहन्छन। त्यसैगरी कर्णाली नदिले चौकुने गाउँपालिका बोला, घाटगाउँ लगाएतका बस्तीमा क्षती पुर्‍याउने जोखिम रहन्छ।सुर्खेत भएर बग्ने खनेटा, सिम्ता, बेतेनी, तुसारे, राते, गमखोला, चिङ्गाड, झुप्रा, नेवारे, ईत्राम, खोर्के, सोतखोला, विउरेनी, विद्यापुर, गुटु, लगाम लगायतका खोलाहरुको आसपासका बस्तीहरु अधिक वर्षामा जोखिममा रहन्छन। वीरेन्द्रनगर उपत्यका अधिक वर्षाको समयमा निकास खोलाको साँघुरो निकासको कारण डुवानमा पर्ने जोखिम रहन्छ। सुर्खेतका जुकैघोरेटा, काफलकोट, खानीखोला, काप्रिचौर, नेटा, रजेना, रानीबास, मटेला, अवलचिङ्ग, पाम्का, गर्पन, रतु, गढी, पोखरीकाँडा, साल्कोट, छाप्रे, पुच्मा, धनरास लगायतका गाउँहरु अधिक वर्षामा पहिरोको जोखिममा रहन्छन।

सुर्खेत-कोहलपुर, सुर्खेत-दैलेख, सुर्खेत-लगाम, छिन्चु-जाजरकोट रणनीतिक सडकहरु अधिक वर्षामा पहिरो तथा रुख ढली अवरोध हुने जोखिम रहन्छ।जिल्लाका नौ वटा स्थानीय तहहरुले निर्माण तथा मर्मत सम्भार गरेका भित्रि सडकहरु वर्षायाममा प्रायः नचल्ने, सवारी दुर्घटना हुने, पहिरो जाने, नागरिकका जग्गा



जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

२०८३ जेठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मिति:२०८३/०२/१२

जमिनसमेत पुर्ने गरी पहिरो जाने जोखिम रहन्छ। अधिक वर्षामा खानेपानीका मुहान, टङ्की, पाइपलाईनमा क्षती भई नियमित खानेपानी आपूर्तिमा प्रदुषण र अवरोध हुने जोखिम रहन्छ। सुर्खेत जिल्लामा २०७१ साल श्रावण २८ र २९ गते परेको अविरल वर्षाको कारणले १० खर्व बढी सरकारी र नीजि सम्पत्ति क्षती र ११५ जना मानिसको मृत्यु भएको दुखद खटना घटेको थियो। त्यस पश्चात वर्षायाममा ठूलो घटना नभएता पनि सानो संख्याका घटनाहरु हुने प्रवृत्ति देखिन्छ। यस वर्ष सरदर भन्दा कम वर्षा हुने अनुमान गरिएको भएतापनि सुर्खेत जिल्लामा मनसूनजन्य विपद्‌को ठूलो घटना र क्षती हुन नदिन वा भइहालेमा प्रभावकारी प्रतिकार्य एवंम् पुनस्थापना गर्न सम्बन्धित निकाय तयारी अवस्थामा रहनु पर्ने देखिएकोले देहायको कार्ययोजना प्रस्तुत गरिएको छ।

<u>देहायः</u>

| क्र.सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय सारिणी | अपेक्षित उपलब्धि | सूचक | कै. |
|---|---|---|---|---|---|---|---|
| **बन्दोवस्ती/खोज तथा उद्धार विषयगत क्षेत्र (Logistics Cluster) - नेतृत्वः जिल्ला प्रशासन कार्यालय, सुर्खेत** | | | | | | | |
| ०१ | विपद् प्रतिकार्यका सामग्रीहरुको विवरण विपद् प्रोटलमा इन्ट्रि गर्ने, विद्युतीय अभिलेखलाई अध्यावधिक गर्ने | जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरु | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, विकास साझेदारहरु | निरन्तर | उद्धारका सामग्री रहेको निकाय शिघ्र पहिचान भई तत्काल उद्धार गर्न सहयोग पुग्ने | विपद् पोर्टलमा इन्ट्री भएको सामग्री संख्या | |
| ०२ | मनसुनजन्य विपद् सम्बन्धी जनचेतनामूलक सन्देश निःशुल्क प्रसारण/ प्रकाशनका लागि समन्वय गर्ने | जिल्ला प्रशासन कार्यालय, जल तथा मौसम विज्ञान कार्यालय | स्थानीय तह, स्थानीय सञ्चार माध्यमहरु | निरन्तर | विपद्‌जन्य क्रियाकलाप सम्बन्धी अग्रिम जानकारी राखि जनता सचेत भई विपद् प्रभाव न्यूनिकरण गर्न सकिने | अग्रिम रुपमा सचेत हुने | |
| ०३ | मनसुनको समयमा तत्काल खोज तथा उद्धारका लागि QRT/IRT तयारी अवस्थामा राख्ने | स्थानीय तह,सबै सुरक्षा निकाय | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह सबै | निरन्तर | मनसुनको समयमा तत्काल खोज तथा उद्धारका लागि QRT/IRT तयारी अवस्थामा रहेको हुने | QRT/IRT का लागि खटिने जनशक्तिको विवरण | |
| ०४ | जिल्ला तथा स्थानीय स्तरमा खोज तथा उद्धार टोली तयारी अवस्थामा राख्न तथा विपद्‌को समयमा उद्धार टोलि खटाउने सम्बन्धमा समन्वय गर्ने | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह,सबै सुरक्षा निकाय | विपद्‌को समयमा | खोज तथा उद्धार टोलीको सहि समयमा परिचालन गर्न सकिने | खोज तथा उद्धार टोलीको विवरण | |



जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ०५ | ९ वटै स्थानिय तहको उच्च विपद् उच्च जोखिम क्षेत्रहरुको पहिचान तथा नक्साङ्कन गर्नका लागि समन्वय गर्ने | जल तथा मौसम विज्ञान विभाग/कार्यालयसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालय | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह | जेष्ठ मसान्तभित्र | उच्च जोखिमको नक्शाङ्कन भई विपद् प्रतिकार्य सरल तथा अनुमानयोग्य हुने | नक्शाङ्कन भएको हुने | |
| ०६ | २४ सै घण्टा आपतकालीन सम्पर्क तथा सूचना प्रणाली सञ्चालन गर्ने | जिल्ला आपतकालीन सञ्चालन केन्द्र/ स्थानीय आपतकालीन सञ्चालन केन्द्र | स्थानीय तह, सबै सुरक्षा निकाय | निरन्तर | घटना विवरण तत्काल अभिलेख गरी विपद् जोखिम बहनका लागि action based हुने सकिने | घटना विवरण | |
| ०७ | मनसुनजन्य विपद्को कारण प्रभावितका लागि लगत सहितको आवश्यक सामग्री भण्डारण गर्ने/सामग्रीको उपलब्धता सुनिश्चितता गर्ने | स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहहरु सबै, उद्योग वाणिज्य संघ, राष्ट्रिय/अन्तर्राष्ट्रिय विकास साझेदारहरु | एक महिना भित्र, तत्पश्चात निरन्तर | मनसुनजन्य विपद्को कारण प्रभावितका लागि लगत सहितको आवश्यक सामग्री भण्डारण भएको हुने/सामग्रीको उपलब्धता सुनिश्चितता भएको हुने | मौज्दात र तत्काल व्यवस्था गर्न सकिने पालिकागत सामग्रि विवरण | |
| ०८ | विपद् प्रतिकार्यका लागि हेलिकप्टर समन्वय, सवारी साधन तयारी अवस्थामा राख्न समन्वय गर्ने | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना, जनस्वास्थ्य कार्यालय, यातायात व्यवसायी | आवश्यकता अनुसार | विपद्को समयमा तत्काल सवारी साधन उपलब्धता | उपलब्ध साधनहरुको विवरण | |
| ०९ | जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना तथा सर्तकता सन्देश प्रवाह गर्ने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | स्थानीय निकाय, सम्बन्धित सबै साझेदार संस्थाहरु | निरन्तर | पूर्वसूचनाले जनता सर्तक हुने | विकसित सूचना प्रणाली | |
| १० | खोज तथा उद्दार कार्यको दैनिक प्रतिवेदन तयार गर्ने | सुरक्षा निकाय, जिल्ला आपतकालीन सञ्चालन केन्द्र | स्थानीय तह, सुरक्षा निकाय | निरन्तर | विपद् प्रतिकार्य प्रणाली व्यवस्थित तथा पारदर्शी हुने | दैनिक प्रतिवेदन | |
| **शीघ्र पुनर्लाभ विषयगत क्षेत्र (Early Recovery Cluster) – नेतृत्वः जिल्ला प्रशासन कार्यालय** | | | | | | | |
| ११ | जोखिमयुक्त स्थानमा रहेका व्यक्तिलाई पहिचान गरी सुरक्षित स्थानमा रहन अनुरोध गर्ने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | सबै सुरक्षा निकाय, साझेदार संस्था, स्थानीय सञ्चार माध्यम | जेष्ठ मसान्त भित्र | नागरिक पूर्वसूचित हुँदा जोखिम न्यून हुने सम्भावना | जनचेतना सन्देश | |

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

२०८३ जेठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मिति:२०८३/०२/१२

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | मनसुनी प्रभावले सडक अवरुद्ध हुने सम्भावित क्षेत्रको नक्शाङ्कन गरी सो को लागि आवश्यक सामग्री प्रवन्ध गर्ने | स्थानीय तह, सडक डिभिजन कार्यालय | जिल्ला प्रशासन कार्यालय | जेष्ठ मसान्त भित्र | सडक अवरुद्ध भए तत्काल खुलाउन सहज हुने | सडक अवरुद्ध कम समय मात्र हुने | |
| १३ | प्रत्येक पालिकाबाट २५ जना युवाहरुलाई विपद् प्रतिकार्य स्वयमसेवक तालिम सञ्चालन गर्ने र सोको अभिलेख VMS (Volunteer Management System) प्रणालीमा अपडेट गर्ने | सशस्त्र प्रहरी वल नेपाल, नं. ३२ गण हे.क्वा, रत्नकाली, सुर्खेत, स्थानीय तह | स्थानीयतह, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, NDRMA | २०८३ असार | तालिम प्राप्त स्वयमसेवकबाट विपद्को समयमा तत्काल उद्दारमा सहयोग पुग्ने | तालिम प्राप्त संख्या | |
| १४ | मनसुनजन्य विपदबाट प्रभावितहरुको खोज, उद्दारका लागि तालिम प्राप्त जनशक्ति तयार गर्न समन्वय तथा सोको अभिलेखिकरण गर्ने | सबै सुरक्षा निकाय, स्थानीय तह,जिल्ला विपद् व्यवस्थापन समिति<br>जिल्ला आपतकालीन सञ्चालन केन्द्र | सबै सुरक्षा निकाय, स्थानीय तह, सम्बन्धित स्थानीय तहको वडा व्यवस्थापन समिति, रेडक्रस | निरन्तर | तालिम प्राप्त जनशक्तिको सहज उपलब्धताले विपद् प्रतिकार्य बढी प्रभावकारी हुने | विपद् प्रतिकार्य तालिम प्राप्त जनशक्तिको विवरण | |
| १५ | मनसुन पूर्वतयारी एवम् प्रतिकार्य सम्बन्धी निर्णयहरु र सबै घटनाहरुको दैनिक प्रगति विवरण गृह मन्त्रालय तथा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण निकायमा अद्यावधिक गर्ने | जिल्ला प्रशासन कार्यालय | प्रादेशिक मन्त्रालय, स्थानीय तह,सबै सुरक्षा निकाय | निरन्तर | तीन तहबीच समन्वय स्थापित भई विपद् प्रतिकार्य कार्ययोजनामा एकरुपता हुने | दैनिक प्रतिवेदन | |
| १६ | मनसुनको समयमा समन्वयको कार्य प्रभावकारी बनाउने | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्लास्थित सबै सुरक्षा निकाय र सबै स्थानीय तहहरु | निरन्तर | मनसुनको समयमा समन्वयको कार्य प्रभावकारी भएको हुने | विपद व्यवस्थापन cluster , सुरक्षा निकाय तथा स्थानीय तहका विपद फोकल पर्सनको सम्पर्क नं. सहितको विवरण | |



जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | विपद्को समयमा सम्पर्क व्यक्ति/निकाय तोक्ने | सबै कार्यालय | गैससहरु, जिल्लास्थित सुरक्षा निकाय सबै र स्थानीय तहहरु सबै | जेठ मसान्त भित्र | सम्पर्क व्यक्ति/निकाय तोकिएको हुने | सम्पर्क व्यक्तिको विवरण | |
| १८ | विपद्को समयमा सूचना संयन्त्रलाई प्रभावकारी बनाउने | PEOC/DEOC /LEOC | सुरक्षा निकाय सबै, स्थानीय तह सबै, नेपाल टेलिकम | निरन्तर | विपद्को समयमा सूचना संयन्त्र प्रभावकारी भएको हुने | सञ्चार तथा वैकल्पिक सञ्चार पद्दतीको विवरण | |
| १९ | मनसुनजन्य कारणबाट सडक तथा राजमार्ग अवरुद्ध भएमा खुलाउने | सडक डिभिजन कार्यालयहरु, स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति, सम्बन्धित कार्यालय, जिल्लास्थित सुरक्षा निकाय, | निरन्तर | मनसुनजन्य कारणबाट सडक तथा राजमार्ग अवरुद्ध भएमा खुलाइएको हुने | अवरुद्ध सडक खुलाउनु पर्दा काम गर्ने दायित्व भएका संस्थाको जिम्मेवारी र हेभी इक्विपमेन्ट रहने स्थानको विवरण र जिम्मेवारी | |
| २० | मनसुनजन्य विपद्को अवस्था आइलागेमा खोज, उद्धार, राहत, पुनर्स्थापना एवम् पुनर्निर्माणका लागि सहयोग आह्वान गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | जिल्लास्थित राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस सबै | निरन्तर | मनसुनजन्य विपद्को अवस्था आइलागेमा खोज, उद्धार, राहत, पुनर्स्थापना एवम् पुनर्निर्माणका लागि सहयोग आह्वान भएको हुने | सहयोग आह्वान गरिएको विवरण | |
| **स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र (Health and Nutrition Cluster) – नेतृत्वः जनस्वास्थ्य सेवा कार्यालय, स्वास्थ्य सेवा निर्देशनालय,सुर्खेत** | | | | | | | |
| २१ | विपदको समयमा महामारी नियन्त्रण गर्ने | जिल्ला जनस्वास्थ्य कार्यालय, स्थानीय तह | जिल्ला विपद व्यवस्थापन समिति/ जिल्लास्थित सबै विकास साझेदारहरु, स्थानीयतह, अस्पताल | विपदको समयमा | महामारी नियन्त्रण तथा व्यवस्थापन भएको हुने | महामारी नियन्त्रण जिम्मेवारी कार्ययोजना | |
| २२ | विषयगत क्षेत्रका जनशक्ति बिच समन्वय बैठक र क्षमता अभिवृद्दि तालिम सञ्चालन | जनस्वास्थ्य सेवा कार्यालय र स्वास्थ्य सेवा निर्देशनालय | स्थानीयतह, अस्पताल, विकास साझेदारहरु | आवश्यकता अनुसार | प्रशिक्षित जनशक्तिबाट गुणस्तरीय कार्यसम्पादन | तालिम प्राप्त जनशक्ति | |
| २३ | रोग संक्रमण निगरानी तथा महामारी प्रकोप फैलन सक्ने क्षेत्रको पहिचान र प्राथमिकिकरण | जनस्वास्थ्य सेवा कार्यालय, स्थानीयतह | नागरिक समाज, विकास साझेदारहरु, आमसञ्चार | निरन्तर | महामारीको समयमै नियन्त्रण | पहिचान गरिएका क्षेत्र संख्या | |

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | • रणनीतिक स्थानहरुमा आकस्मिक औषधी तथा औषधिजन्य सामग्रिहरुको भण्डारण गर्ने<br>• कुपोषण व्यवस्थापन सम्बन्धी सामग्री व्यवस्थापन | जनस्वास्थ्य सेवा कार्यालय, ९ वटै स्थानीयतह, स्वास्थ्य संस्था | स्वास्थ्य सेवा निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका साथै विकास साझेदारहरु स्थानीय तह | निरन्तर | विपद्को समयमा अत्यावश्यक औषधि तथा औषधिजन्य सामग्रिको आपूर्ति व्यवस्थापन गरि अभाव हुन नदिने | भण्डारण गरिएको परिमाण | |
| २५ | जनशक्ति परिचालन तथा व्यवस्थापन (DRRT and CRRT) | जनस्वास्थ्य सेवा कार्यालय, स्थानीय तह | स्वास्थ्य सेवा निर्देशनालय, विकास साझेदार, स्थानीय तह र स्वास्थ्य संस्था | आवश्यकता अनुसार | महामारी नियन्त्रण भएको हुने | सबै स्रोत साधनहरु परिचालन गरिएको हुने। | |
| **खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन (Wash Cluster) – नेतृत्वः खानेपानी तथा ढल व्यवस्थापन कार्यालय,सुर्खेत** | | | | | | | |
| २६ | विपद्को समयमा सुरक्षित खानेपानी र सरसफाइको व्यवस्था गर्ने | खानेपानी कार्यालय,जिल्ला जनश्वास्थ्य कार्यालय स्थानीय तह | जिल्ला विपद व्यवस्थापन समिति/ जिल्लास्थित सबै गैसस | विपदको समयमा | सुरक्षित खानेपानीको व्यवस्था भएको हुने | सुरक्षित खानेपानी व्यवस्था को विवरण | |
| २७ | विपदको समयमा खानेपानी उपलब्धता र सुद्दिकरणको व्यवस्था मिलाउने | खानेपानी तथा ढल व्यवस्थापन आयोजना, स्थानीय तह, सुर्खेत उपत्यका खानेपानी उपभोक्ता समिति | खानेपानी उपभोक्ता संस्था | निरन्तर | शुद्ध खानेपानीको व्यवस्था हुने | भरपर्दो पूर्व तयारी | |
| २८ | सडक नाली तथा थुनिएका कलभर्टहरु सफा गरी सहज रुपमा पानी निकास हुने गराउने | स्थानीय तहहरु, वडा विपद् व्यवस्थापन समिति, सडक डिभिजन कार्यालय | खानेपानी तथा ढल व्यवस्थापन कार्यालय | असारको पहिलो हप्ता | डुवान घट्ने, नालिको फोहोर हट्ने हैजा,झाडापखाला जस्ता सरुवा रोग फैलने सम्भावना न्यून | सफा गरिएका नाली र कलभर्ट संख्या | |
| **आपतकालीन आश्रय स्थल विषयगत क्षेत्र (Emergency Seltor Cluster) – नेतृत्वः संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय** | | | | | | | |

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९ | • विपद् प्रभावितका लागि आश्रयस्थल तथा खुला क्षेत्रको विवरण अध्यावधिक गर्ने<br>• सुरक्षित आश्रयस्थल निर्माणका लागि आवश्यक पर्ने Structure design गर्ने | • स्थानीय तह<br>• संघिय सहरी विकास तथा भवन निर्माण कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्लास्थित सुरक्षा निकाय सबै | एक महिना भित्र, तत्पश्चात निरन्तर | विपद् प्रभावितका लागि आश्रयस्थल तथा खुला क्षेत्रको विवरण अध्यावधिक भएको हुने | आश्रयस्थल तथा खुला क्षेत्रको विवरण | |
| ३० | विपद् प्रभावित क्षेत्रहरुमा आवासका लागि गैर खाद्य (NFI) र Emergency Life Saving Kits हरु संकलन, अभिलेख र भण्डारण | स्थानीय तह, नेपाल रेडक्रस | नेपाल सरकार, कर्णाली प्रदेश सरकार, स्थानीय तह, गैसस, प्रदेश गोदाम घर | विपद् पश्चात तुरुन्तै | विपद्को समयमा आवश्यक पर्ने सामग्री व्यवस्था भएको हुने | विपद् प्रोर्टलमा सामग्री इन्ट्रि संख्या र जिन्सी अभिलेख | |
| ३१ | विपद् प्रभावित क्षेत्रहरुमा आवासका लागि गैर खाद्य (NFI) र Emergency Life Saving Kits राहत वितरण गर्ने | स्थानीय तह, नेपाल रेडक्रस | जिल्ला प्रशासन कार्यालय,गैसस | विपद् पश्चात तुरुन्तै | विपद्को समयमा मानवीय जीवन रक्षा हुने | वितरित राहत सामग्री | |
| **खाद्य सुरक्षा विषयगत क्षेत्र (Food Security Cluster) – नेतृत्वः कृषि विकास निर्देशनालय,सुर्खेत** | | | | | | | |
| ३२ | विपद् जोखिममा रही विस्थापित हुन सक्ने जनसंख्यालाई मध्यनजर गरी खाद्यान्न उपलब्धता गराउने | कृषि विकास निर्देशनालय | नेपाल सरकार, कर्णाली प्रदेश सरकार, स्थानीयतह, गैसस, दातृ निकाय | विपद् पश्चात तुरुन्तै | विपदको समयमा खाद्यान्नबाट वन्चित हुन नपर्ने सुनिश्चितता | व्यवस्थापन गरिएको खाद्यान्न | |
| ३३ | क्षति भएको बाली नालि विवरण संकलन तथा राहात वितरण कार्य गर्ने | कृषि विकास निर्देशनालय | नेपाल सरकार, कर्णाली प्रदेश सरकार, स्थानीय तह, गै.स.स, दातृ निकाय | विपद् पश्चात तुरुन्तै | विपदबाट क्षति भएका कृषकलाई राहत प्राप्त हुने | वितरित राहत सामाग्रि | |
| ३४ | घाइते पशुपंक्षीको लागि दाना तथा औषधि उपचार व्यवस्थापन गर्ने | पशु पन्छी विकास निर्देशनालय | पशुपन्छी अन्वेषण प्रयोगशाला, पशु स्वास्थ्य उपचार केन्द्र, स्थानीय तह | तत्काले | कृषकहरुको पशुधन क्षती न्यूनिकरण हुने | दाना तथा उपचार गरिएका पशुपन्छी | |



जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

२०८३ जेठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारित मितिः२०८३/०२/१२

**संरक्षण विषयगत क्षेत्र (Protection Cluster) – नेतृत्वः जिल्ला प्रशासन कार्यालय**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३५ | उच्च जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको विवरण अद्यावधिक गर्ने | स्थानीय तह | सामाजिक विकास मन्त्रालय, स्थानीय तह, रेडक्रस सोसाइटी तथा अन्य साझेदार संस्थाहरु | ज्येष्ठ मसान्तभित्र | जोखिम लक्षित प्रभावकारी मनसुनजन्य विपद् प्रतिकार्य गर्न सकिने | जोखिममा रहेकाहरुको विवरण | |
| ३६ | सुरक्षित आश्रयस्थलको पहिचान तथा न्यूनतम संरक्षण मापदण्ड सुनिश्चित गर्नका लागि समन्वय गर्ने | जिल्ला प्रशासन कार्यालय, संघिय शहरि विकास तथा भवन निर्माण कार्यालय | संघीय शहरी तथा भवन डिभिजन कार्यालय,स्थानीय तह, रेडक्रस | निरन्तर | खोज , राहत, उद्दार तथा पुनः स्थापना कार्य बढी प्रभावकारी हुने | न्यूनतम मापदण्ड तय हुने | |
| ३७ | अस्थायी आश्रयस्थलमा महिला, पुरुष तथा यौनि अल्पसङ्ख्यक लागि छुट्टाछुट्टै शौचालय तथा सुरक्षित स्थान व्यवस्थापनका लागि सुनिश्चितताका लागि समन्वय गर्ने | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सबै सुरक्षा निकाय, रेडक्रस तथा अन्य साझेदार संस्थाहरु | विपदको समयमा | लैङ्गिकमैत्री हुने | फरक फरक अस्थायी शौचालय | |
| ३८ | प्रकोपका कारण अलग भएका बालबालिकाहरु र परिवारहरुको पहिचान, ट्रेसिङ र पुनर्मिलन संयन्त्र लागु गर्ने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, नेपाल प्रहरी रेडक्रस | सामाजिक विकास मन्त्रालय, आवाज संस्था, मानव सेवा आश्रम | तत्कालै | पारिवारिक पुर्नमिलन | संरक्षण गरिएका बालबालिका र पारिवारिक मिलन संख्या | |
| ३९ | राहत वितरणमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्ने | स्थानीय तह | जिल्ला प्रशासन कार्यालय, साझेदार संस्था | निरन्तर | समावेशी रुपमा सबैको पहुँच सुनिश्चित हुने | सबैको समान पहुँच | |
| ४० | संरक्षण सम्बन्धी घटनाको अभिलेखीकरण तथा प्रतिवेदन प्रणाली सञ्चालन गर्ने | जिल्ला प्रशासन कार्यालय स्थानीय तह | सामाजिक विकास मन्त्रालय, सबै सुरक्षा निकाय | निरन्तर | व्यवस्थित अभिलेखबाट संरक्षण कार्य बढी प्रभावकारी तथा पारदर्शी हुने | व्यवस्थित घटना विवरण अभिलेख | |
| ४१ | विपद् का समयमा बालमैत्री तथा महिलामैत्री कृयाकलाप सञ्चालनका लागि आह्वान गर्ने | जिल्ला प्रशासन कार्यालय | सामाजिक विकास मन्त्रालय, सम्बन्धित स्थानीय तह, अन्य निकाय | निरन्तर | बालमैत्री तथा महिलामैत्री क्रियाकलापले विपद् प्रतिकार्य कार्य बढी लक्ष्योन्मुख हुने | समावेशी क्रियाकलाप हुने | |



जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४२ | विपद्को समयमा महिला, सुत्केरी महिला, बिरामी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सहयोगिपक्ष मानवहरुलाई विपद्को समयमा खाद्य, गैरखाद्य सामग्री उपलब्धतामा समतामूलक न्याय कायम गरी मानवीय मर्यादा बचाउने | स्थानीय तह, नेपाल प्रहरी | सामाजिक विकास मन्त्रालय | तत्कालै | सहयोगिपक्ष मानवहरुको संरक्षण हुने | संरक्षण गरिएका मानवहरुको संख्या | |
| **शिक्षा विषयगत क्षेत्र (Education Cluster) – नेतृत्वः शिक्षा विकास तथा समन्वय इकाई** | | | | | | | |
| ४३ | विपद्को समयमा समुदाय, स्थानीय तह, जिल्ला प्रदेश र संघ स्तरमा विपद्को सूचना समयमानै आदान प्रदान गरी प्रभावकारी सञ्चार प्रणाली स्थापना गर्ने | शिक्षा विकास तथा समन्वय इकाई | स्थानीय तह, नेपाल प्रहरी | तुरुन्तै | अवस्था पहिचान भई अन्तरनिकाय समन्वय हुने | विकसित प्रणाली | |
| ४४ | विपद्को समयमा नियमित शिक्षा, वैकल्पिक शिक्षा र अनलाइनमा आधारित शिक्षाको प्रवन्ध गर्ने | शिक्षा विकास तथा समन्वय इकाई | स्थानीय तह | एक महिनाभित्र | बालबालिका पढाइबाट बञ्चित नहुने | प्रवन्धको योजना | |
| **आपतकालिन सञ्चार (Emergency Communication Cluster) – नेतृत्वः जिल्ला प्रशासन कार्यालय** | | | | | | | |
| ४५ | जोखिमयुक्त स्थानमा रहेका व्यक्तिलाई पहिचान गरी सुरक्षित स्थानमा रहन सञ्चार गर्ने | स्थानीय तह,जिल्ला प्रशासन कार्यालय,जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपतकालीन सञ्चालन केन्द्र | वडा विपद् व्यवस्थापन समिति, जल तथा मौसम विज्ञान कार्यालय, भुकम्प मापन केन्द्र, नेपाल टेलिकम, स्थानीय सञ्चार माध्यम, सुरक्षा निकाय | निरन्तर | सुरक्षित स्थानको प्रचारप्रसारले सुरक्षित स्थानमा सर्नेको संख्या बढ्ने | पूर्वसुचित नागरिकको विवरण | |
| ४६ | विपद्को समयमा नियमित सञ्चारमा हुन सक्ने अवरोध घटाउन वैकल्पिक सञ्चारको व्यवस्थापन | नेपाल टेलिकम | नेपाल प्रहरी | तुरुन्तै | सञ्चार अवरुद्ध नहुने | वैकल्पिक सञ्चारको प्रवन्ध | |



जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | बाढी पहिरोबाट हुने टावरको क्षतीबाट हुनसक्ने सञ्चार अवरुद्द तत्काल खुलाउने | नेपाल टेलिकम | स्थानीय तह | १ दिन | सञ्चार अवरुद्द नहुने | मर्मत संख्या | |
| ४८ | मनसुन सक्रिय भए पछि जमिनकमजोर भइ विद्युतका पोल ढल्ने जोखिम हुने हुँदा जोखिमयुक्त पोल र विद्युतीय तारहरुबाट करेन्ट प्रवाह भइ मानवीय क्षति हुन सक्ने अवस्थालाइ न्युनीकरण गर्ने | नेपाल विद्युत प्राधिकरण | स्थानीय तह, नेपाल प्रहरी | तत्काल | विद्युतीय जोखिम घट्ने | मर्मत गरिएको संख्या | |
| **विपद्का समयमा** | | | | | | | |
| ४९ | स्थानीय स्तरमा रहेका सम्पर्क निकाय/संयन्त्र/ व्यक्तिहरुसँग सम्पर्क गरि सूचना लिने दिने | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सबै सुरक्षा निकाय, अन्य साझेदार संस्था | ० देखि १ घण्टाभित्र | तथ्यपरक सूचना प्राप्तिले तत्काल Action plan बनाउन सहयोग गर्ने | विकसित सूचना प्रणाली | |
| ५० | सूचना सङ्कलक, अनुगमनकर्ता र निगरानीकर्ताको उपस्थिति | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सबै सुरक्षा निकाय, अन्य साझेदार संस्था | १ देखि ७ घण्टाभित्र | विपद् प्रतिकार्य पारदर्शी र जनतालाई राज्यको उपस्थिति महशुस हुने | फिल्ड सूचक | |
| ५१ | स्थानीय महिला सहकारी संस्थाहरु, गाउँ बाल संरक्षण समितिहरु, निगरानी समूहहरु र बाल क्लबहरुसँग समन्वय र सञ्चार गरी सहयोगका लागि अनुरोध गर्ने | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सबै सुरक्षा निकाय, अन्य साझेदार संस्था | ७ देखि २४ घण्टाभित्र | स्थानीय स्तरमा नै छिटो, छरितो सेवा प्राप्त गर्ने | फिल्ड सूचक | |

२०८३/२/१२

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी